नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः-६३३ मिति :- २०७१ /९/२४

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय थापाथली, इजाजतपत्र प्राप्त "क" वर्गका सम्पूर्ण वाणिज्य बैंकहरु र "ख" वर्गका विकास बैंकहरु । :

विषयः परिवर्त्य विदेशी मुद्रामा गरिने आयात प्रतीतपत्र कारोवार सम्वन्धी इ.प्रा. परिपत्र संख्याः ५८० मा संशोधन गर्ने सम्वन्धमा ।

महाशय,

यस बैंकले मिति २०६९/५/१ मा जारी गरेको इ.प्रा. परिपत्र संख्याः ५८० को दफा १(४) मा देहाय बमोजिम हुने गरी संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१(४) प्रतीतपत्रमार्फत सामान आयातगर्न सकिने भन्सार नाकाहरुः

१(४)(१) नेपाल सरकार अन्तरगतका बिभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानहरुले आयात गर्ने सामान वाहेक अन्य आयातकर्ताहरुले तेश्रो मुलुकवाट भारतको भूभाग भई (ट्रक वा रेलमार्ग मार्फत) आयात गरिने सम्पूर्ण वस्तुहरु निम्न भन्सार नाकाहरुबाट मात्र नेपाल भित्र्याउनु पर्नेछ ।

(क) मेची भन्सार (ख) विराटनगर भन्सार (ग) बीरगञ्ज भन्सार (घ) भैरहवा भन्सार
(ङ) नेपालगञ्ज भन्सार (च) धनगढी भन्सार र (छ) वीरगञ्ज सुख्खा वन्दरगाह भन्सार ।

१(४)(२) भारतको मार्ग प्रयोग नभई आयात गरिने सामानको हकमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट पनि प्रतीतपत्र अन्तर्गतको सामान आयात गर्न सकिनेछ ।

१(४)(३) नेपाली आयातकर्ताले चिनियाँ भूभाग भई (ट्रक वा रेलमार्गबाट) प्रतीतपत्रमार्फत नेपालमा सामान आयात गर्दा निम्न भन्सार नाकाहरुबाट सामान आयात गर्नु पर्नेछ ।

(क) तातोपानी भन्सार, सिन्धुपाल्चोक (ख) रसुवा भन्सार, रसुवा

क्रमशः...

१(४)(४)भारतको भूभाग भई/वा नभई तेश्रो मुलुक निर्यात हुने व्यापारिक सामानको हकमा पनि उपर्युक्त अनुसारका भन्सार विन्दुको प्रयोग गर्नु पर्नेछ।

भवदीय,

(भिष्मराज ढुंगाना)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय।
२. श्री डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ।
४. श्री नेपाल सरकार, भन्सार विभाग, त्रिपुरेश्वर।
५ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग।
६. श्री बैंक सुपरिवेक्षण विभाग।
७. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग।
९. श्री सूचना प्रविधि विभाग।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ।
११. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, अनामनगर, काठमाण्डौ।
१२. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलनमार्ग, टेकु
१३. श्री नेपाल उद्योग परिसंघ, थापाथली
१४. श्री नेपाल चेम्वर अफ कमर्स, कान्तिपथ, काठमाडौ।